नेपाल सरकार
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

# पर्वतीय प्रशिक्षण प्रतिष्ठान विकास समिति

**पर्वतीय प्रशिक्षण केन्द्र र यसको भावी कार्यदिशा निर्धारण सम्बन्धि**
आयोजित गोष्ठीमा प्रस्तुत

# कार्यपत्र

प्रस्तूतकर्ता
दोर्जी जाङबु लामा
(सदस्य सचिव)

नेपाल सरकार
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
**पर्वतीय प्रशिक्षण प्रतिष्ठान विकास समिति**
गैह्रीधारा, काठमाण्डौं ।
फोन : २१०११२७/फ्याक्स : ४४२७५७५
Email : mountainnepal@wlink.com.np
web site: **www.man.gov.np**

नेपाल सरकार
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

# पर्वतीय प्रशिक्षण प्रतिष्ठान विकास समिति

## गैह्रीधारा, लाजिम्पाट काठमाण्डौं ।

## पर्वतीय प्रशिक्षण केन्द्र र यसको भावी कार्यदिशा निर्धारण सम्बन्धि प्रस्तुत कार्यपत्र

**परिचय :-**

नेपाल पर्वतीय पर्यटनको क्षेत्रमा प्रमुख गन्तव्य स्थलको रुपमा प्रख्यात छ । विश्वको सर्वोच्च शिखर सगरमाथा र अन्य उच्च हिमशिखरहरु, हिउँले टम्म भरिएका सुन्दर हिंमचुलीहरु र यहााका प्राकृतिक सम्पदाहरुका आर्कषणका कारण पर्यटकहरु दिन प्रतिदिन नेपाल भ्रमणमा आउने गर्दछन । पर्वतीय पर्यटनबाट नेपालले वैदेशिक मुद्रा आर्जन गर्नुको साथै पर्वतीय गतिविधिसाग संलग्न भएर नेपाली पर्वतारोहीहरुले विभिन्न विश्व कीर्तिमानहरु कायम गरेर नेपाल र नेपालीको प्रतिष्ठा माथि उठाउनमा महत्वपूर्ण योगदान पुऱ्याएका छन् । तर पनि नेपाली पर्वतारोहीहरु र पर्वतीय गतिविधिको अध्ययन गर्न ईच्छुक प्रशिक्षार्थीहरुले आवश्यक प्राथमिक र उच्च स्तरिय अध्ययन, प्रशिक्षण र तालिम हासिल गर्नको लागि विदेशमा जानु पर्ने स्थिती अहिले पनि विद्यमान रहेको छ । यहाा निश्चित रुपमा ख्याती प्राप्त आरोहीहरु नभएका होइनन्, योग्य गाईडहरु नभएका होइनन् तर त्यो नियमित र प्रर्याप्त रहेको छैन । पर्वतीय पर्यटनको क्षेत्रले जति आर्कषण र संभाव्यता बोकेको छ, सो अनुसार नेपालको इतिहासमा व्यवस्थित रुपमा दक्ष जनशक्ति निर्माण गर्न नसकेको स्थिती पनि विद्यमान रहेको छ । तसर्थः पर्वतीय पर्यटनको क्षेत्रमा नियमित रुपमा अध्ययन, अनुसन्धान, प्रशिक्षण तथा तालिमहरुको व्यवस्थाका लागि पर्वतारोहण विद्यालयको स्थापना, हिमाली क्षेत्रको वातावरणको संरक्षण तथा सम्र्बद्धन आदि महत्वपूर्ण कार्यहरु सम्पादन गर्नु पर्ने आवश्यकतालाई वोध गर्दै अघि बढ्ने क्रममा पर्वतीय पर्यटनको क्षेत्रमा कार्य गर्ने संस्थाको परिकल्पना भएको पाईन्छ । यसको आवश्यकतालाई मनन गर्दै नेपाल सरकार संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयबाट विकास समिति ऐन २०१३ बमोजिम पूर्व पर्यटन मन्त्री श्री बल बहादुर केसीको अध्यक्षतामा वि.सं. २०५९ सालमा पर्वतीय प्रशिक्षण प्रतिष्ठान विकास समिति गठन भएको हो । त्यस समयमा समितिले सोलुखुम्बु जिल्लाको गार्मामा पर्वतीय प्रशिक्षण केन्द्र स्थापना गर्नको लागि जग्गा अधिग्रहण गर्ने प्रक्रिया सम्पन्न गरेको पाईन्छ । तत्पश्चात २०६३ भाद्र सम्म मुलुकको राजनीतिक परिस्थितीका कारण समिति निष्कृय अवस्थामा रहेको थियो ।

लोकतान्त्रिक जनआन्दोलन २०६२/६३ पछि सात राजनीतिक दलको संयुक्त सरकारका तत्कालिन माननीय संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री श्री प्रदिपकुमार ज्ञवालीबाट समितिलाई मिति २०६३ मंसिर १० गते पूर्नगठन गर्नुभयो । पूर्नगठित समितिमा अध्यक्ष श्री प्रेम कुमार श्रेष्ठ, सदस्य सचिव एवं कार्यकारी निर्देशक श्री दोर्जी जाङबु लामा र सदस्यहरुमा विभिन्न पर्यटन क्षेत्रसंग सम्वन्धित व्यक्तित्वहरु हुनुहुन्छ । यो समितिको कार्यालय काठमाण्डौंको गैह्रीधारामा स्थानान्तरण भई संचालन हुदै आएको छ । यस समितिले सोलुखुम्बु जिल्लास्थित गार्मा गा.बि.स.मा पर्वतीय प्रशिक्षण केन्द्र स्थापना गरी कार्यक्रम सञ्चालन गर्ने सोच तथा योजनालाई लागू गर्न कटिवद्धताका साथ त्यसको कार्यान्वयनका लागि जग्गाको मुआब्जा दिने कार्यबाट शुरु गरिएको छ । समितिले तत्कालीन रुपमा केन्द्रको कार्यक्रमलाई प्रमुख कार्यक्रमको रुपमा अगाडी बढाएको छ । आगामी दिनमा यसले पर्यटनका क्षेत्रमा आवश्यक पर्ने गुणस्तरयुक्त जनशक्ति उत्पादन गरी नेपालको पर्वतीय पर्यटनलाई विश्वकै प्रमुख गन्तव्यस्थलका रुपमा विकास गर्ने लक्ष्य लिएको छ । भविष्यमा पर्वतीय पर्यटनसंग सम्बन्धित गतिविधिका लागि अन्तराष्ट्रिय स्तरको अध्ययन, अनुसन्धान, तालिम केन्द्रका रुपमा विकास गर्ने सोच राखिएको छ । नेपालको प्राकृतिक धरोहरका रुपमा रहेका हिमाल एवं पर्वतहरुको आरोहण, पदयात्रा र अन्य साहसिक पर्यटनलाई भरपर्दो एवं उच्च गुणस्तरयुक्त बनाई यसको माध्यमबाट नेपालको गौरवलाई विश्व सामु चिनाउने, रोजगारी प्रवर्द्धन गर्ने, वैदेशिक मुद्रा आर्जन गर्ने उद्देश्य रहेको छ । अन्ततोगत्वा गरिवी निवारणमा सहयोग गरी समग्र नयाा नेपालको निर्माणमा टेवा पुऱ्याउने छ । यस समितिले पर्वतीय पर्यटनको क्षेत्रमा महत्वपूर्ण कार्यहरुलाई व्यवस्थित गर्न सकेमा त्यसबाट संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय र यो साग सम्बन्धित विभिन्न निकायहरुलाई सहयोग पुऱ्याउने छ ।

समग्रमा पर्वतीय पर्यटन क्षेत्रको विकासमा सरकारका नीति तथा कार्यक्रमहरुलाई कार्यान्वयन गर्दै पर्वतीय पर्यटन विकासमा समिति जिम्मेवार र आधिकारिक निकायको रुपमा रहने छ ।

**यस समितिले गरेका गतिविधिहरु :-**

१. काठमाण्डौस्थित बानेश्वरमा रहेको कार्यालयलाई गैह्रीधारामा स्थानान्तरण गरी कार्यालयको लागि आवश्यक पर्ने पूर्वाधारहरुको व्यवस्था गर्नुका साथै कर्मचारीहरुको नियुक्ति गरी कार्यालयलाई व्यवस्थित गरिएको छ ।
२. पूर्व पर्यटन मन्त्री एवं अन्तरिम व्यवस्थापिका सांसद द्धय श्री प्रदिप कुमार ज्ञवाली, श्री बलबहादुर केशी र सांसद श्री सुरेश कुमार कार्की, पूर्व सभापति श्री आङ निमा लामा, श्री बुद्धि कुमार राजभण्डारी र समितिका सदस्यहरुबाट सोलुखुम्बुस्थित गार्मामा रहेको पर्वतीय प्रशिक्षण केन्द्रको स्थलगत अवलोकन गर्ने कार्य २०६३/९/२० मा सम्पन्न भयो ।
३. गार्माको वडा नं. १, ६ र ७ मा अधिग्रहण गरिएका जग्गाको मुआब्जा वितरणको लागि रु पचास लाख श्री जिल्ला प्रशासन कार्यालय सोलुखुम्बुमा निकासा गरि सो मार्फत वितरण कार्य भैरहेको छ ।

४. समितिले अघि बढाएका कार्यक्रमहरु र बजेटको सम्बन्धमा माननीय संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री श्री पृथ्वी सुब्बा गुरुङ र सचिवज्यूलाई जानकारी गराई सकिएको छ। बजेटको सम्बन्धमा माननिय सांसद श्री बल बहादूर केशीज्यू , र समितिका सदस्यहरुबाट पर्यटन मन्त्री र सचिव समक्ष भेटी माग गर्ने कार्य भएको छ। त्यसैगरी सोलुखुम्बु जिल्लाका नेकपा एमालेका सचिव श्री बुद्धिकुमार राजभण्डारीको नेतृत्वमा पर्यटन मन्त्रालयमा डेलीगेसन गई पर्वतीय प्रशिक्षण केन्द्र र त्यसको गुरुयोजना तयार गर्नको लागि आवश्यक बजेटको माग गर्ने कार्य समेत भएको छ।

५. पर्वतीय प्रशिक्षण केन्द्र गार्माको गुरुयोजना तयार गर्नको लागि सहयोग पुऱ्याउने हेतुले समितिले सोलुखुम्बुमा गोष्ठी गर्ने कार्य सम्पन्न गरिएको छ ं र काठमाण्डौंमा यस सम्बन्धि गोष्ठी आयोजना गर्दैछौं।

६. पर्वतीय प्रशिक्षण केन्द्र गार्माको जग्गाको सिमाङ्कन क्षेत्रभित्र शुरुमा अधिग्रहण गर्दा छुट भएको कित्ता नं. १०१ र ५८३ जग्गा अधिग्रहण गरिएको छ।

७. यस समितिको स्थापना मिति २०५९ साल देखि २०६३/०६४ सम्मको लेखा परिक्षण म.ले.प.बाट गर्ने कार्य सम्पन्न भएको छ।

८. समितिको निर्णय बजोजिम कार्यालयलाई आवश्यक रहेका कर्मचारीहरुको दरवन्दी माग गरिएको छ।

९. पर्वतीय पर्यटनसंग आवद्ध सरकारी तथा गैरसरकारी संघसंस्थाहरु र विभिन्न देशका पर्वतारोहण विद्यालयहरुसंग पत्रचार गरी सम्बन्ध विस्तार गर्दै आएको छ।

१०. यस समितिले वेभसाईट निर्माण गरी उक्त वेभसाइट मार्फत पर्वतारोहीहरुको विवरण र समितिका गतिविधिहरुको जानकारी गराउादै आईरहेको छ।

११। १५औं सोलुखुम्बु जिल्ला परिषदमा समितिका तर्फबाट सदस्य सचिव श्री दोर्जी जाङबु लामा र सदस्य श्री विनोद बस्नेत सहभागी भएको हुनु थियो। सो परिषदले पर्वतीय प्रशिक्षण केन्द्र गार्मालाई जिल्लाको महत्वपूर्ण विकास परियोजनाको रुपमा ग्रहण गर्दै जिल्लाका राजनीतिक दलहरु, अन्तरिम व्यवस्थापिका सांसद, कार्यालय प्रमुखहरु, कर्मचारीहरु, नागरिक समाजका प्रतिनिधिहरु, विभिन्न सरकारी तथा गैरसरकारी संघ संस्थाहरु, गाविस सचिवहरु रहनु भएको परिषदले उच्च प्राथमिकताका साथ सहयोग गर्ने साझा प्रतिबद्धता जाहेर गर्नु भएको छ।

१२. जिविस सोलुखुम्बुबाट आर्थिक वर्ष २०६३/०६४ मा अनुदान स्वरुप यस समितिलाई रु एक लाख प्राप्त भएको छ। प्राप्त रकमलाई समितिको गोष्ठीहरुमा खर्च गर्ने जानकारी सहितको प्रस्ताव जिविसको कार्यालयलाई पेश गरिएको छ।

## परिदृश्य (**Vission**) :-

"गुणस्तरीय र दिगो पर्वतीय पर्यटनको विकासका लागि दक्षता अभिवृद्धि गर्नु।"

## परिलक्ष्य (**Mission**) :-

गुणस्तरीय एवं प्रभावकारी पर्वतीयकर्मीहरु र दक्ष जनशक्तिको विकास, अध्ययन, अनुसन्धान र सुरक्षित पर्वतीय गतिविधिको विकास, विभिन्न संघसंस्थाहरु संगको सम्बन्ध र अर्न्तराष्ट्रिय सम्बन्धको विकास गर्ने।

## उद्देश्य :-

१. व्यवस्थित र अन्तराष्ट्रिय मापदण्ड अनुसारको पर्वतीय पर्यटनसंग सम्बन्धित तालिम/प्रशिक्षण संचालन गरी दक्ष जनशक्ति निर्माण गर्ने।

२. पर्वतीय पर्यटनसंग सम्बन्धि अध्ययन, अनुसन्धान र तालिम सम्वन्धमा अल्पकालिन, मध्यकालिन र दीर्घकालिन योजनाहरु तर्जुमा गरी लागू गर्ने।

३. पर्वतीय पर्यटनसंग सम्बन्धि अध्ययन तथा तालिमको लागि पाठ्यक्रम निर्धारण गर्ने तथा त्यस्तो तालिम, प्रशिक्षण तथा कार्यक्रममा भाग लिने व्यक्तिको योग्यता तोक्ने।

४. पर्वतीय पर्यटन सम्बन्धमा नेपाल सरकारलाई आवश्यक परामर्श दिने।

५. अर्न्तराष्ट्रिय स्तरको पर्वतीय प्रशिक्षणको लागि पूर्वाधारको विकास गर्ने।

६. पर्वतीय पर्यटन सम्बन्धी प्रशिक्षण वा तालिम केन्द्र खोल्ने।

७. पर्वतीय पर्यटन, तालिम तथा प्रशिक्षण सम्वन्धमा आवश्यक अन्य कार्यक्रम गर्ने।

८. प्राकृतिक, सांस्कृतिक सम्पदाको संरक्षण र सम्बर्द्धनमा सहयोग गर्ने।

९. हिमाली क्षेत्रमा हुन सक्ने दुर्घटनालाई न्यूनिकरण गर्न सहयोग गर्ने।

१०. पर्वतीय पर्यटनसंग सम्बन्धि अध्ययन, अनुसन्धान र तालिमहरुमा महिलालाई प्रमुख प्राथमिकताका साथ सहभागी गराउने।

११. पर्वतीय पर्यटनको दिगो विकास गर्ने।

## रणनीति :-

१. पर्वतीय पर्यटनबारे अध्ययन, अनुसन्धान एवं तालिमद्धारा दक्ष जनशक्तिको विकास गर्दै भविष्यमा विश्वका पर्वतीय पर्यटनको क्षेत्रमा नेतृत्वदायी भूमिका निर्वाह गर्ने ।
२. आन्तरिक एवं वाह्य पर्यटकहरुलाई अध्ययन, अनुसन्धान र तालिममा संलग्न गराउने ।
३. हिमाली क्षेत्रमा हुनसक्ने विभिन्न खाले दुर्घटनाहरुको न्यूनिकरणमा योगदान पुऱ्याउने ।
४. रोजगारका अवसरहरु सृजना गरी गरिवी निवारणमा टेवा पुऱ्याउने ।

## कार्यनीति :-

१. समितिले अघि सारेको रणनीतिलाई प्राप्त गर्नको लागि समितिले अल्पकालिन, मध्यकालिन र दीर्घकालिन योजनाहरु तय गरी कार्यान्वयन गरिने छ ।
२. पर्वतीय प्रशिक्षण केन्द्रको गुरुयोजना तयार गरी सो अनुसार विकास कार्यक्रमहरु संचालन गरिने छ ।
३. सरकारी तथा गैरसरकारी संघसंस्थाहरुसंग समन्वय गरी अघि बढिने छ ।
४. विभिन्न देशमा रहेका पर्वतीय पर्यटनको क्षेत्रमा कार्यरत संघसंस्था एवं पर्वतारोहण विद्यालयहरुसंग सम्पर्क र समन्वय राखी गतिविधिहरु संचालन गरिने छ ।
५ स्वदेशी तथा विदेशीहरुलाई अध्ययन तथा प्रशिक्षणको ब्यवस्था गरिने छ ।
६. स्थानीय व्यक्तिको सहभागिता एवं स्थानीय श्रोत र साधनको परिचालन गरिने छ ।
७ अध्ययन र तालिमबाट दक्ष जनशक्ति उत्पादन गर्दै युवाहरुलाई रोजगार प्रदान गरिने छ ।

## समितिका कार्यक्रमहरु :-

१. सोलुखुम्बुस्थित गार्मामा रहेको जग्गाको मुआब्जा जग्गाधनीहरुलाई प्रदान गरी जग्गालाई समितिको मातहत बनाईने छ । उक्त स्थानमा बृक्षारोपण गर्ने र जग्गाको वरिपरी बार लगाउने योजना रहेको छ । सो क्षेत्रको समग्र विकासको लागि गुरुयोजना तयार गर्ने कार्यक्रम रहेको छ र सोको लागि गोष्ठी आयोजना गर्दैछौं । समितिको मूल कार्य अध्ययन अनुसन्धान र तालिम तथा प्रशिक्षण संचालन गर्नेमा प्रमुख जोड दिईने छ ।
२. नेपालको विभिन्न जिल्लाहरुमा पर्वतारोहणसंग सम्बन्धि तालिम तथा पर्वतीय पर्यटनको विकासका गतिविधिहरु संचालन गरिने छ । यी तालिमहरु नेपालको विभिन्न पिक तथा हिमालहरुमा संचालन गर्ने योजना रहेको छ । त्यसबाट दक्ष जनशक्ति निर्माण गरी यस क्षेत्रमा हुन सक्ने विभिन्न खाले दुर्घटनाहरुलाई कम गराउने छ । साथै त्यसबाट हासिल भएका दक्ष जनशक्तिबाट व्यवस्थित उद्धार कार्य समेत गरिनेछ ।
३. पर्वतारोहीहरुको बारेमा अभिलेख राखिने छ । साथै वेव्साईट मार्फत पर्वतारोहीहरुको अभिलेख लगायत समितिका गतिविधिबारे जानकारी गराईने छ ।
४. पर्वतीय पर्यटन क्षेत्रको विकासको लागि गोष्ठी, सेमीनार आदि संचालन गरिने छ । वातावरण, जैविक विविधताको संरक्षण, वन तथा प्रजातिको संरक्षण, दिगो जिविकोपार्जनको प्रवर्द्धन, बन्यजन्तुको संरक्षण तथा वन्य स्रोतसाधनको संरक्षण तथा प्रवर्द्धन गर्ने, सांस्कृतिक सम्पदाहरुको संरक्षण तथा सम्वर्द्धनमा जोड दिइने छ ।
५. पर्वतीय पर्यटनको आकर्षणलाई बढाउन विभिन्न प्रतियोगीतात्मक कार्यक्रमहरु आयोजना गरिनेछ । साथै विभिन्न प्रतियोगिताहरुमा सहभागिता गर्ने/गराउने छ ।
६. यस क्षेत्रको विकासको लागि सुझाव दिने, नीति निर्माण कार्यमा सहयोग गरिने छ ।
७. पर्वतीय पर्यटनको क्षेत्रमा देखिएका समस्याहरुको समाधानमा जोड दिईने छ ।
८. नेपाल सरकार, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयबाट प्राप्त निर्देशन र जिम्मेवारीहरु कार्यान्वयन गरिने छ ।
९. पर्वतीय पर्यटन क्षेत्रको विकासमा विभिन्न कार्यक्रमहरु संचालन गर्ने/गराउने छ ।

## पर्वतीय प्रशिक्षण केन्द्र - सोलुखुम्बु :-

तत्कालीन सोलुखुम्बू जिल्ला विकास समितिका सभापति श्री आङनिमा लामा र उपसभापति श्री प्रेमकुमार श्रेष्ठको कार्यकालमा पर्वतीय प्रशिक्षण केन्द्र स्थापना गर्ने विषयमा छलफल भई त्यसको लागि स्थान छनौट गर्ने पहल भएको पाईन्छ । पूर्व माननीय मन्त्री श्री बलबहादुर केसीको नेतृत्वमा स्थानीय ब्यक्तिहरु संलग्न महानुभावहरुले गार्माको उक्त जग्गामा अवलोकन गर्नुका साथै त्यस क्षेत्रको आसपासमा रहेका पर्वतारोहण सम्बन्धि स्थानहरु जस्तै दूधकुण्ड क्षेत्र, टाकसिन्दू, बेनी आदि क्षेत्रको समेत सो समयमा अवलोकन भएको पाईन्छ । यस समितिले सोलुखुम्बुस्थित गार्मा गा.वि.स.मा केन्द्र स्थापना गर्नको लागि वर्डा नं. १, ६, ७ मा करिव तीन हजार रोपनी जग्गा अधिग्रहण गरेको देखिन्छ । त्यस पछि मुलुकको राजनीतिक अन्यौल, द्वन्द्व, अस्थिरता आदिका कारण समिति र केन्द्रका गतिविधिहरु निस्कृय अवस्थामा रहन गएको पाईन्छ ।

पर्वतीय प्रशिक्षण केन्द्र रहने स्थान सोलुखुम्बु जिल्लाको गार्मा गा.वि.स.मा पर्दछ । उक्ता स्थानमा पुग्नका लागि सोलुखुम्बुको सदरमुकाम सल्लेरीबाट पैदल यात्रा गर्दा सामान्यतया दुई घण्टा लाग्दछ । पर्वतीय प्रशिक्षण केन्द्र स्थापनाका लागि अधिग्रहण गरेको जग्गाको मुआब्जा बितरणका लागि रु ५० लाख रकम श्री जिल्ला प्रशासन कार्यालय, सोलुखुम्बुमा निकासा गरी

मिति २०६३/१०/२ मा गोरखापत्रमा सूचना प्रकाशित गरी २०६३ माघ १४ गतेबाट वितरण कार्य शुरु भएको छ । श्री जिल्ला प्रशासन कार्यालय सोलुखुम्बुबाट २०६४ भाद्र १५ गते सम्म रु २२ लाख ४१ हजार ९१ रुपैंया अठ्ठाईस पैसा मुआब्जा वितरण भइसकेको जानकारी प्राप्त भएको छ । जग्गा अधिग्रहण गर्न, मुआब्जा वितरण गर्न, जग्गाको नाप गर्ने जस्ता कार्यहरुमा सोलुखुम्बु जिल्लाका सम्बन्धित कार्यालयहरुबाट यथोचित सहयोग प्राप्त भएको छ ।

अधिग्रहण भएको जग्गा मध्ये वडा नं. १ मा जग्गा धनी संख्या १००, ६ मा १२३ र ७ मा ४८ गरी जम्मा २७१ रहेका छन् । गार्मामा अवस्थित जग्गाको क्षेत्रभित्र छुट भएको कित्ता नं. १०१, ५८३ लाई पनि अधिग्रहणका लागि यस विकास समितिको बैठकद्धारा निर्णय भई अधिग्रहण गर्ने प्रक्रिया अघि बढेको र सोको सूचना मिति २०६४।३।१९ गते गोरखापत्र दैनिकमा प्रकाशित भैसकेको छ ।

२०६३ साल पुस २० गते माननीय संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री श्री प्रदिपकुमार ज्ञवाली, अन्तरिम विधायकहरु श्री बलबहादुर केसी, श्री सुरेशकुमार कार्की र यस समितिका अध्यक्ष श्री प्रेम कुमार श्रेष्ठ, सदस्य सचिव श्री दोर्जी जाङबु लामा, सदस्य श्री उङदी छिरिङ शेर्पा, सदस्य श्री विनोद बस्नेत, पूर्वसभापति श्री आङ निमा लामा, श्री बुद्धिकुमार राजभण्डारी आदि संलग्न टोलीले गार्मामा स्थापना हुने पर्वतीय प्रशिक्षण केन्द्रको स्थलगत निरिक्षण गरी केन्द्र रहने स्थानको बारेमा जानकारी लिनुभएको थियो । जसको अडियो भिज्यूअल सिडी समेत तयार भएको छ । उक्त प्रशिक्षण केन्द्रबाट संचालन हुने विद्यालयले दक्ष जनशक्ति उत्पादन गरी त्यसबाट पर्वतीय पर्यटनको विकासमा सहयोग पुग्ने विश्वास गरिएको छ ।

यो केन्द्र निकट भविष्यमा एक महत्वपूर्ण पर्वतीय र पर्यटकीय स्थलकोरुपमा विकास हुन सक्दछ । त्यसबाट सोलुखुम्बु जिल्लाको मध्य र दक्षिणीक्षेत्रको पर्यटन विकासमा महत्वपूर्ण भूमिका खेल्न सक्दछ । ओखलढुङगा, सोलुखुम्बुको मोटरबाटो निर्माण भई संचालनमा आएपछि यसको आर्कषण र महत्व झन बढ्ने छ । त्यसैगरी सोलुखुम्बु जिल्लाको काङगेल डााडामा अवस्थित भूगोल विमानस्थल र फाप्लु विमानस्थलबाट आउने पर्यटकहरुको लागि एक आर्कषक दृश्यावलोकन केन्द्रको रुपमा विकास हुन सक्दछ । उक्त स्थलबाट नुम्बूर हिमाल र अन्य हिमालहरुको रमणिय दृश्यहरु हेर्न सकिन्छ । त्यसैगरी विभिन्न प्रख्यात पहाडहरु जस्तै पिके, चाङ्गेथान, दुधकुण्ड क्षेत्र, विविध जातजाति, भाषाभाषी, संस्कृति, रहनसहन आदिका पक्षहरुलाई समेट्न सक्दछौं । त्यस क्षेत्रको हावापानी रहन सहन सबैका लागि उपर्यूक्त रहने र खासगरी हाईअल्टीच्यूटको (लेक लाग्ने) विरामी नहुने हुनाले त्यसक्षेत्रमा निर्माण हुने पर्वतीय प्रशिक्षण केन्द्रको आर्कषणबाट पर्यटकहरुको संख्यामा बृद्धि भई जनताको आर्थिक स्तरमा समेत बृद्धि हुन सक्दछ ।

## पर्वतीय प्रशिक्षण केन्द्र - गार्माको उद्देश्य :-

१. पर्वतारोहण सम्बन्धि विद्यालय स्थापना गरी त्यसले पर्वतीय पर्यटन क्षेत्रसंग सम्बन्धित संघसंस्थाहरु संग समन्वय गरी सुरक्षित पर्वतीय गतिविधिको विकास गर्ने ।
२. महिला, दलित, आदिवासी जनजातीहरुलाई प्राथमिकताका साथ सहभागिता गराई पर्वतीय पर्यटनको क्षेत्रमा दक्ष जनशक्ति निर्माण गर्ने ।
३. अध्ययन, प्रशिक्षण तथा तालिम संचालन गरी अर्न्तराष्ट्रिय स्तरको माउण्टेन गाईड, क्लाइम्विङ ईन्स्ट्रकटर, स्की ईन्स्ट्रकटर आदि तयार गर्ने ।
४. गार्मालाई मुख्य केन्द्र विन्दु मानी नजिकका चट्टान, हिमालहरुमा पर्वतारोहण सम्बन्धी तालिम प्रदान गर्ने ।
५. प्राकृतिक, सांस्कृतिक सम्पदाको संरक्षण, सम्वर्द्धन तथा अध्ययन गर्ने ।
६. हिमाली क्षेत्रको जैविक, वनस्पती, जडीबुटी, फलफूल, विभिन्न प्रजातिका विरुवाहरु, लालीगुराास, कफी, अल्लो आदिको संरक्षण र सम्वर्द्धन गर्ने । चिया खेती र विभिन्न प्रजातिका विरुवा र फलफूलहरु रोपी आकर्षक "Landscape तयार गरी मनोरञ्जनात्मक अवलोकन स्थलको रुपमा विकास गर्ने ।
७. पर्वतारोहीहरुको सम्मानमा सालिक स्थापना गर्ने/गराउने ।
८. यस क्षेत्रका विभिन्न पर्यटकीय स्थलको प्रवर्द्धन गर्ने र यसको विकासमा जोड दिने ।
९. स्थानीय रोजगारीको बृद्धि गरी गरिवी न्यूनिकरणमा सहयोग पुऱ्याउने ।
१०. गैर कानूनी तबरले हिमाल र पिकहरुमा चोरी चढाई गर्नेलाई नियन्त्रण गर्न पहल गर्ने ।

## पर्वतीय प्रशिक्षण केन्द्रका योजनाहरु :-

१. तत्कालीन

क) प्रथम चरणको मुआब्जा रकम वितरण गरे पश्चात बााकी रहेका जग्गाको मुआब्जा रकम वितरण गर्नको लागि बजेटको व्यवस्था गर्ने ।

ख) जग्गाको मुआब्जा जग्गाधनीहरुलाई प्रदान गरी जग्गा समितिको मातहतमा बनाईने छ । उक्त जग्गाको उपयुक्त स्थलहरुमा बृक्षारोपण गर्ने र जग्गाको वरीपरी बार लगाई सीमाङ्कन गर्ने योजना रहेको छ ।

ग) पर्वतारोहण सम्बन्धी तालिम प्रदान गर्नको लागि उपयुक्त स्थानहरुको पहिचान गरी आवश्यक व्यवस्था गर्ने ।

घ) पर्वतीय प्रशिक्षण केन्द्रको गुरुयोजना तयार गर्ने ।

ङ) पाठ्यपुस्तक तयार गर्नको लागि आवश्यक व्यवस्था गर्ने ।

च) आत्मनिर्भर र आकर्षक भ्रमणस्थल बनाउनका लागि चिया खेतिको प्रारम्भ गर्ने । त्यसैगरी अलैंची  लगायत अन्य सम्भावनाको बारेमा अध्ययन गर्ने ।

छ) आवश्यक कर्मचारी, प्रशिक्षकहरुको व्यवस्थाको लागि प्रक्रिया अघि बढाउने ।

२. <u>मध्यकालीन</u>

क) विद्यालयको लागि आवश्यक पूर्वाधारहरु जस्तै भवनहरु, कक्षा कोठा, कार्यालय, खेल मैदान, स्नान घर, शौचालय, प्राथमिक उपचार कक्ष, पाहुना घर, बिद्युतको व्यवस्था, बाटोघाटो, आदि निर्माण गर्नको लागि आवश्यक बजेटको व्यवस्था गर्ने र आवश्यक भवनहरु बनाउदै जाने ।

ख) पर्वतारोहण विद्यालयको लागि पुस्तक तथा अन्य अध्ययन सामाग्रीहरु तयार गर्ने, उक्त पुस्तकमा पर्वतारोहणसंग सम्बन्धित शिक्षामूलक सामाग्रीहरु, हिमाल र प्राकृतिक सम्पदा, वातावरण, मौसम तथा हावापानीको बारेमा, पर्वतीय सम्पदा, उद्धारकार्य, प्राथमिक स्वास्थ्य उपचार, संचार सामाग्रीहरुको बारे ज्ञानबर्द्धक विषयहरुलाई समेटेर पाठ्यपुस्तक तयार गरी प्रकाशन गरिने छ ।

ग) उक्त स्थानको माथिल्लो भागहरुमा स्थानीय रुखविरुवाहरुको वृक्षारोपण तथा रुखहरुको संरक्षण गरी हरियाली बनाईने छ । त्यसैगरी उपयुक्त स्थानहरुमा चियाखेतिको विस्तार गर्ने । भविष्यमा यी परियोजनाहरुबाट केन्द्रलाई आम्दानी हुन सकोस ।

घ) शिक्षा तथा खेलकूद मन्त्रालय, त्रिभुवन विश्वविद्यालय, अर्न्तराष्ट्रिय पर्वतारोहण विद्यालयहरुबाट स्वीकृतीका लागि आवश्यक प्रक्रिया अघि बढाउने ।

ङ) पर्यटकहरुको सुविधालाई ध्यानमा राखी होटलको व्यवस्था गर्ने ।

३. <u>दीर्घकालीन</u>

क) पर्वतारोहण विद्यालयलाई व्यवस्थितरुपमा संचालन गर्ने । दिगोढंगबाट संचालनको लागि आवश्यक र नियमित आर्थिक स्रोतको व्यवस्था गर्ने ।

ख) आवश्यक कर्मचारी, शिक्षक तथा प्रशिक्षकहरुको व्यवस्था गर्ने ।

ग) अर्न्तराष्ट्रिय पर्वतारोहण विद्यालय तथा यससंग सम्बन्धित संघसंस्थाहरुसंग समन्वय राखी अर्न्तराष्ट्रिय मान्यता प्राप्त गर्ने ।

घ) पर्वतीय गतिविधिमा संलग्न संघसंस्थाहरुसंग समन्वय राखी पर्वतीय गतिविधिहरु संचालन गर्ने ।

ङ) विभिन्न प्रतियोगिताहरु संचालन गर्ने र सहभागी गराउने ।

च) वार्षिकरुपमा दक्ष जनशक्ति उत्पादन गर्ने । प्रशिक्षार्थीहरुको नतिजा प्रकाशन गर्ने र सो को ग्रेडिङ्ग गर्ने ।

छ) पर्यटनको विकास गरी स्थानीय जनताको आर्थिक स्थितीलाई सुदृढ गर्नको साथै त्यसबाट राष्ट्रलाई आर्थिकरुपमा सुदृढीकरण गर्ने ।

ज) विद्यार्थीहरुलाई यस सम्बन्धि थप अध्ययन तथा तालिमको लागि विदेशमा समेत पठाउने ।

झ) केवुलकारको सञ्चालन गर्ने ।

## <u>पर्वतीय प्रशिक्षण केन्द्र गार्मामा संचालन गर्ने प्रमुख परियोजनाहरु</u> :-

१. पर्वतीय पर्यटन, र पर्वतारोहणसंग सम्बन्धि अध्ययन तालिम तथा प्रशिक्षण प्रदान गर्नको लागि पर्वतारोहण विद्यालय ( :यगलतबष्लभभचष्लन क्षजयया० को स्थापना गर्ने । अर्न्तराष्ट्रियस्तरको पाठ्यपुस्तक तयार गरी अध्ययन, अध्यापन, प्रशिक्षण, तालिम आदि संचालन गर्ने । पर्वतीय गतिविधि तथा पर्यटनसंग सम्बन्धित पुस्तकहरु र अन्य ज्ञानवर्द्धक पुस्तक तथा सामाग्रीहरु रहेको पुस्तकालय स्थापना गरी अध्ययनमा सहयोग पुर्‍याउने छ । यो परियोजना केन्द्रको प्रमुख परियोजना तथा कार्यक्रम हुने छ । यो अर्न्तराष्ट्रिय स्तरको परियोजना हुनेछ ।

२. पर्वतारोहीहरुको सम्मान स्वरुप जिवित तथा मृत्यु भएका पर्वतारोहीहरुको शालिक स्थापना गर्ने, गराउने । त्यस क्षेत्रमा मनोरञ्जन प्रदान गर्नको लागि रमणिय पार्कहरुको निर्माण गर्ने । पर्वतीय सांस्कृतिक सम्पदाको संरक्षण सम्वर्द्धन गर्न विभिन्न जात जातिका सांस्कृतिक सम्पदा, रहनसहनका पक्षलाई झल्काउने गरी हेरिटेजको रुपमा स्थापना गरिनेछ । विभिन्न जातजातिका घर र घर भित्रको बनावटलाई जस्ताको तस्तै देखिने गरी निर्माण गरिनेछ ।

३. पर्वतीय प्रशिक्षण केन्द्रको जग्गामा उपयुक्त स्थान चयन गरी चिया खेति गर्ने । त्यसबाट रमणिय दृश्यावलोकनकोरुपमा विकास गर्ने साथै त्यसलाई आर्थिक स्रोतको रुपमा पनि विकास गर्ने ।

४ पर्वतीय प्रशिक्षण केन्द्र रहने स्थलको माथिल्लो भागहरुमा स्थानिय रुखविरुवाहरुको वृक्षारोपण तथा रुखहरुको संरक्षण गरी हरियाली बनाउने र उपयूक्त समयमा उपभोग गरी आम्दानी गराउने ।

## समितिको आर्थिक अवस्था :-

यस विकास समिति गठन भएदेखि हाल सम्म निम्न उल्लेखित संस्था तथा कार्यक्रमहरुबाट एक करोड एक लाख रकम प्राप्त भएको छ ।

| | |
|---|---|
| १) गन्तव्य नेपाल द्दण्णघरण्द्ध कार्यक्रमबाट (आ.ब. २०५९/६०) | रु. ५०,००,०००।- |
| २) नेपाल पर्वतारोहण संघबाट (आ.ब. २०५९/६०) | रु. ५०,००,०००।- |
| ३) सोलुखुम्बु जिल्ला विकास समितिबाट अनुदान सहयोग (आ.व.२०६३/०६४) | रु. १,००,०००।- |
| कूल आम्दानी | रु.१,०१,००,०००।- |

हालसम्मको खर्च :-

| | |
|---|---|
| १) जग्गा अधिग्रहणको प्रक्रियामा भएको खर्च, कार्यालय व्यवस्थापन र घर भाडा, तलब, भत्ता, भ्रमण, यातायात तथा अन्य खर्च आ.व. २०६३/६४ सम्म | रु. ३१,५०,०००।- |
| २) पर्वतीय प्रशिक्षण केन्द्रको लागी अधिग्रहण भएको जग्गाको प्रथम चरणको मुआब्जा रकम बितरणको लागि श्री जिल्ला प्रशासन कार्यालय सोलुखुम्बुमा मिति (२०६३/०९/०९) मा निकासा भएको । | रु.५०,००,०००।- |
| हालसम्मको कुल खर्च | रु ८१,५०,०००।- |

समितिमा बााकी रहेको मौज्दात :-

| | |
|---|---|
| १) समितिमा बााकी रहेको बैंक मौज्दात | रु. १९,५०,०००।- |
| २) संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयबाट आ.व.२०६४/०६५ मा पूजीगत अनुदान प्राप्त हुने २५,००,०००।- चौमासिक मध्ये प्रथम किस्ताबाट प्राप्त | रु. १०,००,०००।- |

## पर्वतीय प्रशिक्षण केन्द्र संचालनका नीतिहरु :-

१. पर्वतीय प्रशिक्षण प्रतिष्ठान विकास समिति अर्न्तगत यो केन्द्र संचालन हुनेछ ।
२. पर्वतीय प्रशिक्षण केन्द्र संचालनको लागि एक उप-समिति बन्नेछ । समितिमा विकास समितिको तर्फबाट प्रतिनिधि, स्थानिय प्रतिनिधिहरु, जग्गाधनीहरु मध्येबाट प्रतिनिधि रहने, यस संग सम्बन्धी विज्ञहरु रहेका पर्वतारोहीहरुबाट प्रतिनिधि रहने साथै सल्लाहकारहरुको व्यवस्था समेत हुनेछ ।
३. केन्द्र संचालनको लागि छुट्टै कर्मचारी नियमावली, आर्थिक नियमावली र विधान हुनेछ ।
४. जिल्लामा उपलब्ध नभएका विषयहरु, प्राविधिकहरु अन्यत्रबाट व्यवस्था गरिनेछ ।
५. पर्वतीय प्रशिक्षण केन्द्रको अवलोकन गर्न, अध्ययन गर्न, तालिम प्रदान गर्न, तथा उक्त क्षेत्रमा प्रवेश गरी अवलोकन गर्ने, बनभोजमा सहभागी हुने व्यक्तिहरुका लागि प्रवेश शुल्क तथा विशेष शुल्क निर्धारण गर्नेछ ।
६. पर्वतीय प्रशिक्षण केन्द्र संचालनको लागि आवश्यक बजेट, केन्द्र र समितिले जुटाउने छ । स्थानीय स्रोत, साधनहरुको व्यवस्था गरी दिगोरुपमा केन्द्र संचालनको व्यवस्थामा जोड दिईनेछ ।
७. यसको संचालनको लागि हिमालको रोयल्टीबाट सहयोग प्राप्त गर्नेछ ।
८. केन्द्रको लेखा परिक्षण जााच महालेखा परिक्षकबाट गर्ने व्यवस्था हुनेछ ।
९. पर्वतारोहण विद्यालय संचालनको लागि अर्न्तराष्ट्रिय मापदण्डको पाठ्यपुस्तक तयार हुनेछ ।
१०. केन्द्रले उत्पादन गरेका गाईडहरुको बर्गीकरण गरी अर्न्तराष्ट्रिय स्तरमा आयोजना हुने विभिन्न प्रतियोगिताहरुमा सहभागी गराउनुका साथै विभिन्न कायक्रम लगायत प्रतियोगिताहरु समेत आयोजना गर्नेछ ।
११. स्वदेशी तथा विदेशीहरुलाई यस सम्बन्धी विभिन्न प्रकारका तालिम र प्रशिक्षणहरु प्रदान गर्नेछ ।
१२. पर्वतीय प्रशिक्षण केन्द्र संचालनको लागि आवश्यक जनशक्तिहरु उक्त केन्द्रले नै ब्यबस्था गर्नेछ । रोजगारीमा स्थानियबासीहरु एवं महिला, दलित जनजातीहरुलाई प्रमुख प्राथमिकता दिइनेछ ।

## पर्वतीय प्रशिक्षण केन्द्रको स्तर :-

नेपाल पर्वतीय पर्यटनको प्रमुख गन्तव्य स्थलको रुपमा रहेको हुनाले नेपालमा स्थापना हुने पर्वतीय प्रशिक्षण केन्द्रको स्तर अर्न्तराष्ट्रिय स्तरको हुने छ । त्यसैले यसलाई अर्न्तराष्ट्रिय पर्वतीय प्रशिक्षण केन्द्र नामाकरण गर्नु उपर्युक्त हुनेछ ।

## अध्ययन र तालिम हुने संभावित स्थानहरु :-

१. पाठ्यक्रममा उल्लेखित विषयहरु, अन्य ज्ञानबर्द्धक विषयहरुको अध्ययन, तालिम तथा प्रशिक्षण पर्वतीय प्रशिक्षण केन्द्र तथा पर्वतारोहण विद्यालय गार्मामा संचालन हुने छ ।
२. रक क्लाईम्बिङ सम्बन्धी प्रशिक्षण पर्वतीय प्रशिक्षण केन्द्रको आसपास तथा सल्लेरी स्थित चिवाङ चट्टानमा गर्ने व्यवस्था गरिने छ । त्यसैगरी बेनीमा अवस्थित रक, वासा भीरमहुरीको चट्टान, दूधकोशी किनारा जुविङ, टाकसिन्दू ,चौरीखर्क, नाम्चे, खुम्जुङ लगायत अन्य क्षेत्रहरुमा समेत गर्न सकिन्छ ।
३. आईस क्लाईम्बिङ तालिम, आईस र हिउमाथि गर्नु पर्ने भएकोले उक्त प्रशिक्षण कार्यहरु दुधकुण्ड हिमाल, नूम्बूर हिमाल, मेरा पिक, एलाम्पिक, लोबुचे पिक, आदि स्थानहरुमा गर्न सकिन्छ ।

## पर्वतीय प्रशिक्षण केन्द्र गार्माबाट प्राप्त हुन सक्ने उपलब्धीहरु :-

१. पर्वतारोहण क्षेत्रमा समयानुसार शिक्षा, प्रशिक्षण प्रदान भएबाट अर्न्तराष्ट्रिय मापदण्ड अनुसारका गाईडहरु र दक्ष जनशक्ति तयार हुनेछ ।
२ यस क्षेत्रको विकासका साथै स्थानीयबासीहरुले बढी भन्दा बढी सहभागी हुने अवसर प्राप्त गर्न सक्नेछन् ।
३. दक्ष जनशक्ति निर्माण भई पर्वतीय पर्यटनको क्षेत्रबाट राष्ट्रिय विकासमा योगदान पुऱ्याउन सक्नेछ ।
४. पर्वतीय, सांस्कृतिक सम्पदा आदिको संरक्षण एवं प्रवर्द्धनमा महत्वपूर्ण भूमिका निर्वाह गर्नेछ ।
५. यसको स्थापनाले पर्यटकहरुको संख्यामा बृद्धि भई पर्यटन क्षेत्रको समग्र विकास हुन सक्दछ ।
६ पर्यटनको विकासबाट स्थानीय आम्दानी बृद्धि हुनुको साथै स्थानीय जनताले रोजगारीका थप अवसरहरु प्राप्त गर्न सक्दछन् ।
७ पर्वतारोहीहरुको स्मरणको लागि सालिक राख्ने कार्यले उनीहरुलाई थप सम्मान र हौसला प्रप्त हुनेछ ।
८ यस परियोजनाले नेपालको प्रतिष्ठालाई अझ माथि उठाउनमा मद्दत गर्नेछ ।
९. पर्वतीय पर्यटनको दिगो विकास भई पर्यटकको संख्यामा बृद्धि हुन गई प्रशस्त विदेशी मुद्रा आर्जन हुनेछ ।

## संभावित कठिनाईहरु :-

१. नियमितरुपमा बजेट उपलब्ध नभएमा यसको संचालनमा वाधा पुग्न सक्दछ ।
२. पर्वतीय प्रशिक्षण केन्द्रको संचालनमा सरकारमा मात्र आशातित रहेमा यसले गति लिन सक्दैन ।
३. राजनीतिक स्थायित्व नभएमा पनि कार्यक्रमले गति लिनमा कठिनाई पुग्न सक्दछ ।
४. यो महत्वपूर्ण परियोजना रहेता पनि सम्बन्धित निकायहरुबाट असहयोग भएमा कठिनाई पुग्न सक्दछ ।
५. प्राकृतिक प्रकोप जस्ता घटनाहरु हुन गएमा अवरोध पुग्न सक्दछ ।

## आर्थिक स्रोतहरु :-

१ नेपाल सरकारबाट प्राप्त हुने नियमित बजेट ।
२ जिल्ला विकास समिति, गाविसबाट प्राप्त हुने नियमित बजेट ( सोलुखुम्बू जिल्लाले प्राप्त गर्ने हिमालको रोयल्टी र सोलुखुम्बू जिल्लाको पिकबाट जिल्ला विकास समितिले प्राप्त गर्ने रकमबाट प्राप्त हुने बजेट) ।
३ प्रवेश शुल्क, सेवा शुल्क, अनुदान, सहयोग लगायत विभिन्न कार्यक्रमबाट प्राप्त गर्ने सहयोग ।
४ विभिन्न सरकारी, गैरसरकारी संघसंस्थाहरुबाट प्राप्त हुने सहयोग ।
५ पर्यटकहरुबाट प्राप्त हुने सहयोग ।
६. स्वदेशी तथा विदेशीहरुबाट प्राप्त हुने सहयोग आदि ।

## गोष्ठीको आवश्यकता किन ?

१. पर्वतीय प्रशिक्षण प्रतिष्ठान विकास समितिले उक्त क्षेत्रमा प्रमुखरुपमा चारवटा योजनाहरु संचालन गर्ने बारे कार्यपत्रमा उल्लेख गरिएको छ । त्यसमा प्रमुखरुपमा अध्ययन, अनुसन्धान र तालिम नै प्रमुख र महत्वपूर्ण कार्यक्रम हुन आउँछ र उक्त स्थानलाई बढी भन्दा बढी आर्कषक, उपयोगी र उत्पादनशिल बनाउनका लागि गरिने अन्य परियोजनाहरु पनि उत्तिकै महत्वपूर्ण रहेको छ । समितिद्धारा प्रस्तूत कार्यपत्रमा उल्लेखित परियोजनाहरुको बारेमा गोष्ठीद्धारा जानकारी गराई उक्त कार्यपत्र माथि व्यापक छलफल गरी प्राप्त सुझावहरुलाई ग्रहण गर्दै साझा दृष्टिकोण, साझा कार्यक्रम तय गर्नको लागि गोष्ठीको आवश्यकता भएको हो । विकास सबैको सामूहिक भावनाबाट नै अघि बढ्नु पर्दछ । सोलुखुम्बू जिल्लामा स्थापना हुने महत्वपूर्ण विकास कार्यक्रमबारे सबै स्पष्ट हुन उपयुक्त हुन्छ । यसको स्थापना र संचालनमा दिगोपन बनाउन र पारदर्शिताका साथ कार्यक्रमलाई अघि बढाउनको लागि समितिले गोष्ठीको आवश्यकता बोध गरेको छ । तसर्थः पर्वतीय प्रशिक्षण केन्द्र र उक्त केन्द्रमा संचालन हुने परियोजनाहरुलाई कुन कुन स्थानमा संचालन गर्दा उपयुक्त हुन सक्दछ । त्यस भित्र अन्य परियोजनाहरु के-के गर्नु उपयुक्त हुन्छ । यस परियोजनाहरुलाई कसरी व्यवस्थित गर्दै जानु पर्दछ र ति परियोजनाहरु संचालन गरे पश्चात पर्वतीय पर्यटनको क्षेत्रमा के-कस्ता योगदान पुग्न सक्दछ आदि विषयमा समेत स्पष्ट हुनु आवश्यक छ । तसर्थ : यस समितिको तर्फबाट पेश गरिएको कार्यपत्र माथि छलफल गरी प्राप्त सुझावलाई ग्रहण गर्दै भावनात्मक र प्राविधिक सबै पक्षबाट एकिकृत दृष्टिकोणका

साथ स्पष्ट कार्यपत्र तय गरी त्यसबाट समग्ररुपमा पर्वतीय प्रशिक्षण केन्द्रको गुरु योजना (Master Plan) बनाउनका लागि सहयोग पुग्न सकोस भन्ने उद्देश्यले गोष्ठीको आयोजना गरिएको हो ।

२. गुरु योजना तयार गर्ने कार्यमा गल्ती, कमीकमजोरी हुन नपाओस र प्रर्याप्त जानकारीहरु समेट्न सकियोस भन्ने हेतुले गोष्ठीको आयोजना गरिएको हो ।

३. पर्वतीय प्रशिक्षण केन्द्रको स्थापना र यस अर्न्तगत संचालन हुने योजनाहरुको बारेमा जानकारी गराउने हेतुले पनि यसको आयोजना गरिएको हो ।

४. पर्वतीय प्रशिक्षण केन्द्रको स्थापना र विकासको सन्दर्भमा सुझावहरु सङ्कलनका लागि पनि गोष्ठीको आयोजना गरिएको हो ।

५. यस कार्यमा संलग्न गर्नु पर्ने अन्य सरोकारवालाहरुको पहिचान गर्नको लागि पनि गोष्ठीको आवश्यकता रहेको हो ।

## सोलुखुम्बु र काठमाण्डौमा आयोजित गोष्ठीहरुबाट प्राप्त हुने उपलब्धीहरु :-

१. पर्वतीय प्रशिक्षण केन्द्रको स्थापना, यसको उद्देश्य र कार्यक्रमहरुको वारेमा सुझाव एवं जानकारी आदान प्रदान गर्न ।

२. गोष्ठीमा प्रस्तुत गरिने कार्यपत्रमा सुझाव प्राप्त भई कार्यपत्रलाई अझ खादिलो र वस्तुनिष्ठ बनाई यसवाट गुरुयोजना निर्माण गर्नमा मद्धत पुग्दछ ।

३. सोलुखुम्बू जिल्लामा स्थापना हुने एक महत्वपूर्ण, अर्न्तराष्ट्रिय स्तरको विकास कार्यक्रममा सबै पक्षबाट राय सुझाव प्राप्त गरी सबैको साझा दृष्टिकोण बनाउनमा मद्धत पुग्दछ ।

४. यसले समितिको गतिविधिका वारेमा जानकारी प्रदान गरी समितिलाई पारदर्शी ढंगबाट संचालन गर्नमा मद्धत पुऱ्याउादछ ।

५. पर्वतीय प्रशिक्षण केन्द्रमा संचालन गर्ने परियोजनाहरु माथि व्यापक छलफल भई थप परियोजना संचालन गर्नमा टेवा पुग्दछ ।

६. यस गोष्ठी मार्फत् सोलुखुम्बु जिल्लाका सबै राजनैतिक दलहरु, सरकारी कार्यालय, गैरसरकारी कार्यालय, संघसंस्था, विभिन्न निकायहरु, जिल्लाबासीहरुबाट पर्वतीय प्रशिक्षण केन्द्रको स्थापनामा थप प्रतिवद्धता प्राप्त हुन सक्दछ ।

७. यसप्रकारको कार्यक्रमहरुबाट धेरैले स्पष्ट भई यसको स्थापना र संचालनमा थप सहयोग प्राप्त हुन सक्दछ ।

## गोष्ठी आयोजना हुने स्थानहरु :-

क.) काठमाण्डौं ख.) सोलुखुम्बू

## पर्वतीय प्रशिक्षण प्रतिष्ठान विकास समितिका पूर्व एवं वर्तमान सदस्यहरु निम्न अनुसार रहनु भएको छ ।

**२०५९ साल जेठ ३० देखि २०६० साल बैशाख ४ गते सम्म**

| | |
|---|---|
| १. श्री बलबहादुर के.सी | अध्यक्ष |
| २. श्री प्रतिनिधि, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | सदस्य |
| ३. श्री प्रतिनिधि, जनसंख्या तथा वातावरण मन्त्रालय | सदस्य |
| ४. श्री प्रतिनिधि, अर्थ मन्त्रालय | सदस्य |
| ५. श्री प्रतिनिधि, राष्ट्रिय योजना आयोग | सदस्य |
| ६. श्री अध्यक्ष, नेपाल पर्वतारोहण संघ | सदस्य |
| ७. श्री अध्यक्ष, ट्रेकिङ्ग एजेण्ट एशोसिएसन अफ नेपाल | सदस्य |
| ८. श्री उमेश कुमार सिंह | कार्यकारी निर्देशक |

**२०६० साल बैशाख ५ गते देखि २०६१ साल पुष ८ गते सम्म**

| | |
|---|---|
| १. श्री शंकर प्रसाद कोइराला, श्री, शंकर प्रसाद पाण्डे संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | अध्यक्ष |
| २. श्री प्रतिनिधि, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | सदस्य |
| ३. श्री प्रतिनिधि, जनसंख्या तथा वातावरण मन्त्रालय | सदस्य |
| ४. श्री प्रतिनिधि, अर्थ मन्त्रालय | सदस्य |
| ५. श्री प्रतिनिधि, राष्ट्रिय योजना आयोग | सदस्य |
| ६. श्री अध्यक्ष, नेपाल पर्वतारोहण संघ | सदस्य |
| ७. श्री अध्यक्ष, ट्रेकिङ्ग एजेन्ट एशोसिएसन अफ नेपाल | सदस्य |
| ८. श्री उमेश कुमार सिंह | कार्यकारी निर्देशक |

**२०६१ साल पुस ९ देखि२०६३ भाद्र १० गते सम्म**

| | |
|---|---|
| १. श्री पेशल कुमार निरौला | अध्यक्ष |
| २. श्री प्रतिनिधि, संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | सदस्य |
| ३. श्री प्रतिनिधि, जनसंख्या तथा वातावरण मन्त्रालय | सदस्य |
| ४. श्री प्रतिनिधि, अर्थ मन्त्रालय | सदस्य |
| ५. श्री प्रतिनिधि, राष्ट्रिय योजना आयोग | सदस्य |
| ६. श्री अध्यक्ष, नेपाल पर्वतारोहण संघ | सदस्य |

| | |
|---|---|
| ७. श्री अध्यक्ष, ट्रेकिङ एजेण्ट एशोसिएसन अफ नेपाल | सदस्य |
| ८. श्री विनोद बस्नेत | सदस्य |
| ९. श्री छेवाङ लामा | सदस्य |
| १०. श्री आङ इगेले शेर्पा | सदस्य |
| ११. श्री उमेश कुमार सिंह | कार्यकारी निर्देशक |

**२०६३ भाद्र ११ गते देखि २०६३ मंसिर ९ गते सम्म**

| | |
|---|---|
| १. श्री ऋषिराम लामिछाने, सहसचिव(पर्यटन उद्योग महाशाखा | अध्यक्ष |
| २. श्री प्रतिनिधि, संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | सदस्य |
| ३. श्री प्रतिनिधि, विज्ञान तथा वातावरण मन्त्रालय | सदस्य |
| ४. श्री प्रतिनिधि, अर्थ मन्त्रालय | सदस्य |
| ५. श्री प्रतिनिधि, राष्ट्रिय योजना आयोग | सदस्य |
| ६. श्री अध्यक्ष, नेपाल पर्वतारोहण संघ | सदस्य |
| ७. श्री अध्यक्ष, ट्रेकिङ एजेण्ट एशोसिएसन अफ नेपाल | सदस्य |
| ८. श्री उङदी छिरिङ शेर्पा | सदस्य |
| ९. श्री विनोद बस्नेत | सदस्य |
| १०. श्रीमती ल्हाकपुटी शेर्पा | सदस्य |
| ११. श्री प्रेम कुमार श्रेष्ठ | कार्यकारी निर्देशक |

**२०६३ मंसिर १० गते देखि**

| | |
|---|---|
| १. श्री प्रेम कुमार श्रेष्ठ | अध्यक्ष |
| २. श्री प्रतिनिधि, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | सदस्य |
| ३. श्री प्रतिनिधि, वातावरण, विज्ञान तथा प्रविधि मन्त्रालय | सदस्य |
| ४. श्री प्रतिनिधि, अर्थ मन्त्रालय | सदस्य |
| ५. श्री प्रतिनिधि, राष्ट्रिय योजना आयोग | सदस्य |
| ६. श्री अध्यक्ष, नेपाल पर्वतारोहण संघ | सदस्य |
| ७. श्री अध्यक्ष, ट्रेकिङ एजेण्ट एशोसिएसन अफ नेपाल | सदस्य |
| ८. श्रीमती ल्हाकफुटी शेर्पा | सदस्य |
| ९. श्री उङदी छिरिङ शेर्पा | सदस्य |
| १०.श्री विनोद कुमार बस्नेत | सदस्य |
| ११.श्री दोर्जी जाङबु लामा | कार्यकारी निर्देशक |

**पर्वतीय प्रशिक्षण प्रतिष्ठान विकास समितिका कर्मचारीको नाम र पद** :-

| नाम | पद |
|---|---|
| दोर्जी जाङबु लामा | कार्यकारी निर्देशक |
| भरतराज ज्ञवाली | प्रशासकीय अधिकृत |
| उत्तमबाबु भट्टराई | वरिष्ठ कार्यालय सहायक |
| रोमनाथ ज्ञवाली | लेखापाल |
| प्रतिक शाक्य | कम्प्यूटर अपरेटर |
| वागमान राई | पियन |
| कान्छा शेर्पा | पिएन, सोलु गार्मामा कार्यरत |